# <u>स्थानीय तह निर्वाचन (जनशक्ति व्यवस्थापन) (पहिलो संशोधन) निर्देशिका, २०७९</u>

<u>निर्वाचन आयोगबाट स्वीकृत मिति</u>

२०७९/०१/०८

**<u>प्रस्तावना</u>**: स्थानीय तह निर्वाचन (जनशक्ति व्यवस्थापन) निर्देशिका, २०७८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ७१ ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले यो निर्देशिका बनाएको छ ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>**: (१) यस निर्देशिकाको नाम "स्थानीय तह निर्वाचन (जनशक्ति व्यवस्थापन) (पहिलो संशोधन) निर्देशिका, २०७९" रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. **<u>स्थानीय तह निर्वाचन (जनशक्ति व्यवस्थापन) निर्देशिका, २०७८ को दफा ४ मा संशोधन</u>** : स्थानीय तह निर्वाचन (जनशक्ति व्यवस्थापन) निर्देशिका, २०७८ (यसपछि "मूल निर्देशिका" भनिएको) को दफा ४ को उपदफा (१०) मा रहेका "राष्ट्रियस्तरको ट्रेड युनियन वा आधिकारिक ट्रेड युनियनका केन्द्रीय स्तरका पदाधिकारी र जिल्ला कार्यसमितिका पदाधिकारीलाई" भन्ने शब्दहरुको सट्टा "आधिकारिक ट्रेड युनियन वा अन्य ट्रेड युनियनको कुनै पनि तहको कार्यसमितिका पदाधिकारी वा सदस्यलाई" भन्ने शब्दहरु राखिएका छन् ।

३. **<u>मूल निर्देशिकाको दफा ५ मा संशोधन</u>** : मूल निर्देशिकाको दफा ५ को,-

(१) उपदफा (२) पछि देहायको उपदफा (२क) थपिएको छ :-

"(२क) निर्वाचन कार्यक्रम बमोजिम गाउँपालिका वा नगरपालिकाको अध्यक्ष, उपाध्यक्ष, प्रमुख, उपप्रमुख, वडा अध्यक्ष वा वडा सदस्य पदको निर्वाचनको लागि उम्मेदवारको मनोनयनपत्र दाखिला गर्ने मितिदेखि सो पदका लागि मतदान हुने दिनको भोलिपल्ट सम्मको लागि मुख्य निर्वाचन अधिकृतको कार्यालयमा राजपत्राङ्कित तृतीय श्रेणी वा अधिकृतस्तर आठौ वा सातौ तहको एक जना कर्मचारी थप गर्न सकिनेछ ।

तर राजपत्राङ्कित तृतीय श्रेणी वा अधिकृतस्तर आठौ वा सातौ तहको कर्मचारी उपलब्ध नभएमा अधिकृतस्तर छैठौं तहको कर्मचारीलाई समेत राख्न सकिनेछ ।"

(२) उपदफा (३) को खण्ड (ग) मा रहेका "लेखापाल वा सहलेखापाल" भन्ने शब्दहरु पछि "(राजपत्र अनङ्कित प्रथम वा द्वितीय श्रेणी वा सहायक पाँचौ वा चौथो तह)" भन्ने शब्दहरु थपिएका छन् ।

(३) उपदफा (३) पछि देहायका उपदफा (३क) र (३ख) थपिएका छन् :-

"(३क) उपदफा (३) को खण्ड (ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि राजपत्राङ्कित तृतीय श्रेणी वा अधिकृतस्तर आठौं वा सातौं तहको कर्मचारी उपलब्ध नभएमा अधिकृतस्तर छैठौं तहको कर्मचारीलाई समेत सहायक निर्वाचन अधिकृत नियुक्त गर्न सकिनेछ ।

(३ख) उपदफा (३) को खण्ड (ग) मा जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्धित स्थानीय तहमा राजपत्र अनङ्कित प्रथम वा द्वितीय श्रेणी वा सहायक पाँचौ वा चौथो तहको लेखापाल वा सहलेखापाल उपलब्ध नभएमा सो भन्दा माथिल्लो श्रेणी वा तहको लेखा सम्बन्धी काम गर्ने कर्मचारीलाई नियुक्त गर्न सकिनेछ ।"

४. **<u>मूल निर्देशिकाको दफा ७ मा संशोधन</u>** : मूल निर्देशिकाको दफा ७ को उपदफा (१) को,-

(१) खण्ड (ख) मा रहेका “आठौ वा सातौ तह” भन्ने शब्दहरुको सट्टा “आठौं, सातौ वा छैठौं तह” भन्ने शब्दहरु राखिएका छन् ।

(२) खण्ड (घ) मा रहेका “सहायक कर्मचारी-१” भन्ने शब्दहरुको सट्टा “सहायक कर्मचारी-२” भन्ने शब्दहरु र “दुई जना” भन्ने शब्दहरुको सट्टा “तीन जना” भन्ने शब्दहरु राखिएका छन् ।

निर्वाचन आयोग, नेपाल